नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँबानेश्वर, काठमाडौं
(मानदण्ड तथा अनुगमन शाखा)

| अत्यन्त जरुरी |
|---|
| अति गोप्य |

पत्र संख्या :- ०७५/७६
चलानी नं.:- ५२०

मिति: २०७५।०८।११

**विषय : सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) कार्यान्वयन सम्बन्धमा ।**

**श्री सबै महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाहरु ।**

सहकारी संस्थाहरूको प्रभावकारी नियमन तथा प्रवर्धन प्रयोजनका लागि आधारभूत तथ्याङ्कहरू स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म इन्टरनेटमा आधारित एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली (Co-operative and Poverty-related Management Information System – COPOMIS) सञ्चालनमा ल्याइएको छ । सबै सरोकारवालाहरू सहकारी सङ्घसंस्थाहरुसँग परामर्श गरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट विकास गरिएको सो सूचना प्रणालीको मुख्य समन्वय-बिन्दु यस विभागको सूचना कक्ष रहने गरी कार्यान्वयन व्यवस्था मिलाइएको छ । सम्पूर्ण प्रणालीलाई तथ्याङ्क-आधारको रूपमा मात्र हेरिएको छैन, अपितु **विद्युतीय सुशासनको जग**को रूपमा समेत हेरिएको छ । सहकारी नियमन तथा प्रवर्धन सेवाहरू सूचना प्रणालीमार्फत नै छिटो, छरितो एवं न्यूनतम खर्चमा प्रवाह गर्ने गरी एकीकृत गरिसकिएका छन् । प्रयोगकर्ता नाम (User Name) तथा प्रवेश सङ्केत (Password) प्राप्त गरिसकेका सहकारी संस्थाहरूले सहकारी ऐन, २०७४ को दफा ७३ वा प्रादेशिक वा स्थानीय सहकारी कानुनको व्यवस्थाबमोजिम रजिष्ट्रार वा दर्ता अधिकारीसमक्ष पेस गर्नुपर्ने सबै विवरण, प्रतिवेदन, जानकारी २०७५ साल मंसिरभित्रै सूचना प्रणालीमार्फत नै प्राप्त गर्ने लक्ष्य यस विभागले लिएको छ ।

उल्लिखित लक्ष्य हासिल गर्न साविक सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय र डिभिजन सहकारी कार्यालयहरुबाट तहाँको नियमन क्षेत्रभित्र पर्ने सहकारी संस्थाहरूका अभिलेख नेपालको विद्यमान शासकीय प्रणाली अनुसार तहाँ नै हस्तान्तरण गरिसकिएको छ । **यस विभाग मातहतका साविकका कार्यालयबाट सहकारी संस्थालाई प्रयोगकर्ता नाम (User Name) तथा प्रवेश सङ्केत (Password) उपलब्ध गराई सकिएको भए सोही User Name र Password प्रयोग गरेर एवं हालसम्म User Name र Password नलिएका सहकारी संस्थाहरूका हकमा तहाँबाट User Name र Password वितरण गरी २०७५ साल मंसिरदेखि नै COPOMIS मार्फत सबै विवरण, प्रतिवेदन तथा जानकारी बुझाउन लगाउने व्यवस्था मिलाई COPOMIS को प्रभावकारी कार्यान्वयनमा आवश्यक सहयोगका लागि अनुरोध गर्दछु ।** तहाँ कार्यालयको User Name र Password तपशीलमा उल्लेख गरिएको छ । उक्त User Name र Password आफु अनुकूल परिवर्तन गरी सुरक्षितसाथ प्रयोग गर्न सकिने छ । User Name र Password प्रयोग गर्ने, संस्थालाई User Name र Password उपलब्ध गराउने, संस्थाले विवरण दाखिला गर्ने र प्रतिवेदन पठाउने, संस्थाले दाखिला गरेका र पठाएका विवरण तथा प्रतिवेदन हेर्ने तरिका यस विभागको वेभसाईट (**www.deoc.gov.np**) मा **COPOMIS User Manual** बाट हेर्न सकिने छ । उक्त प्रणाली संचालनमा कठीनाई आईपरेमा विभागको टेलिफोन वा इमेलबाट सम्पर्क राख्न तथा आईसिटी विज्ञ **सगुन धाख्वा (९८५११२८८३२), कम्प्युटर अधिकृत राजाराम पनेरु (९८४१२८८८३७), शाखा अधिकृत टोपलाल अर्याल (९८४१५३७२६२) र सहायक कम्प्युटर अपरेटर बसन्त अधिकारी (९८४१३५०६२२) लाई सिधै सम्पर्क गर्न सकिने छ ।**

साथै सहकारी सङ्घसंस्थाको केन्द्रीय अभिलेख चुस्त दुरुस्त राख्ने प्रयोजनका लागि तहाँको नियमन क्षेत्राधिकारभित्रका सम्पूर्ण सहकारी संस्थाहरुको नाम, ठेगाना, दर्ता नं., सम्पर्क नं., कार्यक्षेत्र लगायतको विवरण उपलब्ध गराई सहयोग गर्नु हुन समेत विभागको मिति २०७५।८।१० को निर्णयानुसार अनुरोध गर्दछु ।

तपसिल:

Username: O/C

Password:

राजाराम पनेरु
(कम्प्युटर अधिकृत)

बोधार्थ:

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री राष्ट्रिय सहकारी महासंघ, पुल्चोक, ललितपुर : आवश्यक समन्वय एवं सहयोगका लागि ।
श्री सबै विषयगत केन्द्रीय संघ ।

फोन/फ्याक्स नं. : ४४६५३६२ ,इमेल:sahakaribivag@gmail.com

"निजामती कर्मचारीको प्रतिबद्धता: पारदर्शिता र चुस्तता"